
# लेखापरीक्षण प्रतिवेदन

# गल्छी गाउँपालिका, धादिंग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गल्छी गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
## बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
## काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/317

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गल्छी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धादिङ्ग।

### कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प. फा.नं.२७०)मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ५२ लाख २० हजार,पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१४ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२५ लाख ५ हजार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको रु.३ लाख १ समेत गरी रु.११ करोड ९४ लाख २६ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ४५ करोड ३९ लाख ३० हजार लेखापरीक्षण गरिएकोमा रु.२ करोड ३९ लाख २० हजार बेरुजू देखिएकोमा रु. ३ लाख २३ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजु रु.२ करोड ३५ लाख ९७ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रु. ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड २१ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १३ लाख ११ हजार रहेको छ।गत वर्ष सम्म रु.२५ करोड ६५ लाख ७० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु.१ करोड ५५ लाख २९ हजार सम्परीक्षणबाट फस्र्यौट तथा आ.व.२०७९।८० मा सम्परीक्षण भई अन्तिम प्रतिवेदनमा लगत कट्टा नभएको रकम रु.७ करोड ७९ लाख ३७ हजार समायोजन गरी

रु.१६ करोड ३१ लाख ४ हजार बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ६७ लाख १ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गल्छी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गल्छी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ६६ | २,३९,२०,१४३ | ० | ३९ | ३,२३,११२ | ० | ७२ | २७ | २,३५,९७,०३१ | ९९,१०२ | १,१३,१०,९२८ | १,२१,८७,००१ | ० | ० | २,३४,९७,९२९ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | २५,६५,७०,००० | ७,७९,३६,७०४ | १,५५,२९,४७९ | १६,३१,०३,८१७ | ० | २,३५,९७,०३२ | १८,६७,००,८४९ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५० | प्रोत्साहन भत्ता | ७,२८५ |
| २ | २०७७/७८ | ३७ | वाश सुविधा सहितको शौचालय | ६,७९,००० |
| ३ | २०७७/७८ | ३४ | प्रविधि हस्तान्तरण कार्यक्रम | ४०,००० |
| ४ | २०७८/७९ | ६८ | कार्य स्वीकार/कार्यसम्पादन प्रतिवेदन | ६१,५२,१०४ |
| ५ | २०७८/७९ | ८८ | प्राविधिक धारतर्फ ल्याव व्यवस्थापन अनुदान | १८,००,००० |
| ६ | २०७८/७९ | ४७ | बढी दरमा बैठक भत्ता | १९,१२५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/७९ | ७४ | मूल्य अभिवृद्धि थप गरी भुक्तानी | ३८,०२,९३७ |
| ८ | २०७८/७९ | ४५ | योजना अनुगमन भत्ताः | १५,९०,००० |
| ९ | २०७८/७९ | ९६.३ | आन्तरिक लेखापरीक्षण | ९४,००० |
| १० | २०७९/८० | ४७ | सामाजिक सुरक्षा भत्ता | ३,६०,३७८ |
| ११ | २०७९/८० | ३२ | गत वर्षको भुक्तानी | ७,८१,२५० |
| १२ | २०७९/८० | ४३ | वार्षिक मर्मत सम्झौता | २,०३,४०० |
| १३ | २०८०/८१ | ७१.१ | घटी कर कट्टि सम्बन्धमा - | ४,१४९ |
| १४ | २०८०/८१ | ६३ | पारिश्रमिक कर - | १,५६० |
| १५ | २०८०/८१ | ५७ | प्राविधिक भत्ता - | ३६,००० |
| १६ | २०८०/८१ | २७ | प्रोत्साहन भत्ता बढी भुक्तानी - | २६,३२२ |
| १७ | २०८०/८१ | ५५.२ | बढी भुक्तानी - | ३,००० |
| १८ | २०८०/८१ | ५६.३,५६.४ | सामुदायिक विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा सम्बन्धमा - | १,०४,५०३ |
| १९ | २०८०/८१ | ५० | हरियो घाँस विस्तार कार्यक्रम - | १,१७,२९० |
| २० | २०८०/८१ | ४४ | अतिरिक्त तलब सुविधा - | ३०,२८८ |
| जम्मा | | | | १,५८,५२,५९१ |

# (८०३३०५०४३०० - गल्छी गाउँपालिका, धादिंग )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गल्छी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १२९.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा २४,२८३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।६।९ देखि २०८१ ।६।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय तर्फको रु.१ अर्ब ४५ करोड ३९ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५,२८,४०४।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| मिति | भौचर नम्बर | बैक | वापत | रकम |
|---|---|---|---|---|
| २०८१।६।१४ | ४४७२२१५६ | ग्लोबल आइएमि बैक | बैठक भत्ता | २५०० |
| २०८१।६।१४ | ४४७२२१६२ | ग्लोबल आइएमि बैक | तलब बढी भुक्तानी | ३५००० |
| २०८१।७।६ | ४४७२२११६४ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२१११२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२११५६ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२११४७ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२११३१ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२११२३ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।६ | ४४७२२११०६ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ५३६८९ |
| २०८१।७।६ | ४४७२२१९२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ५३६८९ |
| २०८१।७।६ | ४४७५२११११ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ६४२० |
| २०८१।७।६ | ४४७५२११३२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २०४० |
| २०८१।७।७ | ४४७२२१२८४ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ५१६० |
| २०८१।७।६ | ४४७२२१२०५ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २७०० |
| २०८१।७।६ | ४४७२२१२७६ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ६८० |
| २०८१।७।६ | ४४७२२११७६ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ९६० |
| २०८१।७।६ | ४४७२२११८२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २०६३१ |
| २०८१।७।६ | ४४७२२११९२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३८४० |
| २०८१।७।६ | ४४७२२१२१४ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ६०० |
| २०८१।७।६ | ४४७२२१२२२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३००० |
| २०८१।७।६ | ४४७२२१२३३ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ४९२० |
| २०८१।७।६ | ४४७२२१२५१ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २६० |
| २०८१।७।६ | ४४७२२१२६७ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ८६५५ |
| २०८१।७।६ | ४४७२२१२४५ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २६४० |
| २०८१।७।६ | ४४७२२१३०५ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३६० |
| २०८१।७।७ | ४४७२२१२९३ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ३४० |
| २०८१।७।७ | ४४७५२११४३ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | १५६० |
| २०८१।७।७ | ४४७५२११५६ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | २६२० |
| २०८१।७।७ | ४४७५२११६३ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ७२६० |
| २०८१।७।७ | ४४७५२११७२ | ग्लोबल आइएमि बैक | बढी भुक्तानी | ४०८० |
| २०८१।७।४ | | तलबबाट कट्टा गरी दाखिला | बढी भुक्तानी | २८१८७७ |
| २०८१।७।४ | | कट्टा गरी दाखिला | बढी भुक्तानी | २२५०० |
| २०८१।७।४ | | कट्टा गरी दाखिला | बढी भुक्तानी | २१५०० |
| | | | जम्मा | ५२८४०४ |

## २ एकिकृत आर्थिक विवरण

गल्छी गाउँपालिकाको आ.व. २०८०/८१ को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| सिनं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | शिर्षक | प्राप्त रकम | | शिर्षक | खर्च रकम |
| १ | गत वर्षको जिम्मेवारी | ९८५२६३१०.३८ | १ | चालु खर्च | ३७८९४९००६.१ |
| | क) धरौटी | २०१५१६६१.६९ | २ | पूँजीगत खर्च | २२५८०८५५५.१ |
| | ख) बैँक | ७८३७४६४८.५४ | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| २ | राजस्व | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ३६८९८३९७.२८ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड संघ | ७६३१४२२१.१९ | | ग) अन्य भुक्तानी | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | १८३४१३५४.३६ | | | |
| | घ) राजस्व बाँडफाँड स्थानीय | ३८६२०००० | | | |
| | ङ) वन रोयल्टी | २२२९२.९४ | | | |
| | | | ४ | सडक वोर्ड खर्च | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | सामाजिक शुरक्षा खर्च | ११५२१९९०२ |
| | क) वित्तिय समानीकरण अनुदान | १२४८०६००० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २५०५००० |
| | ख) सशर्त अनुदान | १८८०२७५०० | | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | ३०१४५४।१ |
| | ग) समपूरक अनुदान | ५७६५००० | ५ | धरौटी फिर्ता | ११०७०९९७.३५ |
| | घ) विशेष अनुदान | १४३४९८७२ | ६ | पर्यटन पुर्वाधार विकास आयोजना | १३९९७०९ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ७ | विविध खर्च खाताबाट खर्च | ६४८५१६१ |
| | क) वित्तिय समानीकरण अनुदान | १४४८८००० | ८ | मौज्दात | |
| | ख) सशर्त अनुदान | १७६८६००० | | क) बैँक मौज्दात | १५३८४५०४.८५ |
| | ग) समपुरक अनुदान | २००००००० | | ख) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | ० | ९ | शसर्त अनुदान फिर्ता | १३५५१२२०.२४ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | १० | गत बर्षको बढी अल्या | |
| ६ | अन्य | | ११ | जनश्रमदान मौज्दात | |
| | क)भारत राजदुतावास बाट प्राप्त | ३३९५९५४ | १२ | धरौट मौज्दात | १६२५५५३५.९२ |
| | ख) सडक बोर्ड नेपाल | ३०८९२०७ | १३ | कोष खाताको मौज्दात | |
| | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २५०५००० | | ख) प्रकोप व्यवस्थापन कोष | ४०२३६५१.१८ |
| | घ)शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | ३०१४५४.१ | | विविध कोष खाता | २६७३५८० |
| | ङ) पर्यटन पुर्वाधार विकास आयोजना | १३९९७०९ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | च) पिएलजिएससि कार्यक्रम | ३८०९९९.९८ | | विविध खर्च खाता | ३५३७६४८.५८ |
| | छ) प्रगतिशील युवा समाज | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | |
| | क) कर्मचारी कल्याणकोष | २५००००० | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | ४०२३६५१.१८ | | | |
| ८ | जनसहभागिता (नगद) | | | | |
| ९ | बालकोष | १७३५८० | | | |
| १० | धरौटी आय | ७१७४८७१.५८ | | | |
| ११ | विविध खर्च खाता | ३१५६६४८.६ | | | |
| १२ | सामाजिक सुरक्षा | ११५२१९९०२ | | | |
| | जम्मा | ७९७१६५९२५.४ | | जम्मा | ७९७१६५९२५.४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक विवरणको विश्लेशन -**

३.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

३.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,५२,१९,९०२, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१३,९९,७०९, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२५,०५,००० शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र रु.३,०१,४५४.१० समेत गरी रु.११,९४,२६,०६५.१० सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम म.ले.प.फा.नं. २७० को वित्तिय विवरणमा समावेश हुँदैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । म.ले.प.फा.नं २७० अनुसूचीमा संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरुजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७३६६४७८।२९ फरक परेको छ

।-, यस वर्षको प्राप्ति रु. १५६८४८३९७।४९ , यस वर्षको भुक्तानी रु. १५०५३३४४३।६८ र बैङ्क मौज्दात रु. १७२२१२।९९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | १०५८९२७८८.६७ | ५४१७९१२१७.५३ | ६०४७५७५६१.२२ | ४१७०२७०७.५१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९८५२६३१०.३८ | ६९८६३९६१५.०२ | ७५५२९१००४.९ | ४१८७४९२०.५ |
| फरक | ७३६६४७८.२९ | १५६८४८३९७.४९ | १५०५३३४४३.६८ | १७२२१२.९९ |

३.४ बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले संचालन गरेको देहाय बमोजिमको खाताको बैक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता भन्दा बैकमा रु ४८१९७४.२२ घटी देखिएकोले के कारणबाट घटी देखिएको हो सो को बैंक हिसाब मिलान गरिनुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १५४०८०७९.८५ | १५४२२८४८।६४ | १४७६८.७९ |
| चालु खर्च खाता | ० | ० | |
| पुँजीगत खर्च खाता | ० | ० | |
| विविध खर्च खाता | ३९९५१७८.४ | ३५३७६४८.५८ | (४५७५२९.८२) |
| विपद व्यवस्थापन खाता | ४०२३६५१.१८ | ४०२३६५१.१८ | ० |
| स्थानीय विभाज्य कोष | ६७०३७८५ | ६८४२२५०.४ | १३८४६५.४ |
| विविध कोष खाता | २६७३५८० | २६७३५८० | ० |
| धरौटी | १६२५५५३५.९२ | १६२५५५३५.९२ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | १७६१७९०. ८७ नगद बाँकी रु . २३८०० देखिएको | १५८४११२.२८ | (१७७६७८.५९) |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | ५०८२१६०१.२२ | ५०३३९६२७ | (४८१९७४.२२) |

३.५ फरक जिम्मेवारी –पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १०८५९२९०५.३९ मौज्दात रहेकोमा यो वर्ष रु. १०५८९२७८८.६७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २७००११६.७२ घटी जिम्मेवारी सारेको देखिन्छ। घटी जिम्मेवारी सम्बन्धमा हिसाब एकिन गरी पेश हुनुपर्दछ ।

३.६

सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.२१८२० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको देखिएन ।

•दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा भ्रमण प्रतिवेदन दिने गरेको पाईएन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

• गाडी भाडामा लिँदा सम्झौता अनुसार लकबुक राख्ने गरेको देखिएन साथै सवारी तथा उपकरणको मर्मत संरक्षणको अभिलेख राखेको पाइएन ।

• निजामति सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

५ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

७ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा प्रमुखले मिति २०८०/०३/१० गते रु ६३ करोड १२ लाख ३७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

८ **बजेट खर्च -**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| कुल बजेट | कुल बजेट खर्च रु | चालु खर्च रु. | प्रतिशत | पूँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| ६३१२३६७६३.३ | ६०४७५७५६१.२ | ३७८९४९००६.१ | ६२.६६ | २२५८०८५५५.१ | ३७.३३ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ६३ करोड १२ लाख ३७ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु ३७ करोड ८९ लाख ४९ हजार र पूँजीगत तर्फ रु २२ करोड ५८ लाख ०८ हजार गरी कुल खर्च रु ६० करोड ४७ लाख ५७ हजार अर्थात कुल बजेट विनियोजनको ३७.३३ प्रतिशत पूँजिगतमा र ६६.६६ प्रतिशत चालुमा खर्च भएको छ ।

९ **खर्च बिश्लेषण -**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३६८९८३९७.२८ राजस्व बाँडफाँडवाट रु.१३३२७५५७५।५५ , अन्य आय वन रोयल्टी रु २२२९२।९४ जम्मा रु १७०१९६२६५।७७ र अनुदानबाट रु. ५२८४४३३४९।२५ समेत रु. ६९८६३९६१५।२० आम्दानी भएकोमा चालु तर्फ रु. ३७८९४९००६.१२ र पूँजिगत तर्फ रु. २२५८०८५५५.१० समेत रु. ६०४७५७५६१.२२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा नियमित तर्फ मात्र

रु.६२६४००० खर्च भएको छ जुन आन्तरिक आयको १६.९७ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ६२.६६ प्रतिशत चालु, ३७.३४ प्रतिशतमात्र पूँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४८७८८००० | ३५३०००२७.१ | ५.८४ |
| २ | पूर्वाधार विकास | २०८९६५००० | १६४८५७४११ | २७.२६ |
| ३ | सामाजिक विकास | २५३३४७००० | २२४७०२५५३ | ३७.१५ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६०९२००० | ११००२३५१.५ | १.८२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २०४०४९७६३ | १६८८९५२१८ | २७.९२ |
| | जम्मा | ७३१२४१६७३ | ६०४७५७५६१ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३७.१५ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा अर्थात १.८२ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

११ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३४१९४४०४.६३ | १८९१५७१ | ० | १४४७०२६८ | १७८७२१६५.६३ | १५०३८७४२.६३ |
| २ | प्रदेश पूँजीगत | २६७४१०११.९३ | ० | २०५०००० | १६४२६०८९.२६ | ८२६४९२२.६७ | २६२३५० |
| ३ | गाउँपालिका पूँजीगत | १६४५७३२३६.५४ | १८८७००९७ | १७४६३७७१ | ५६०५१९२४.०९ | ७२१८७४४४.४५ | ३२७५३३८९.९४ |
| | कूल खर्च | २२५८०८५५५.१ | २०७२२०६८ | १९५१३७७१ | ८६९४८२८१.३५ | ९८६२४४३४.७५ | ४८०५४४८२.५७ |
| | खर्च प्रतिशत | १०० | ९.१७ | ८.६४ | ३८.५ | ४३.६७ | २१.२८ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फमात्र वार्षिक रु.२२ करोड ५८ लाख ०८ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु.२ करोड ७ लाख २२ हजार ( ९.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ९५ लाख १३ हजार ( ८.६४ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.८ करोड ६९ लाख ४८ हजार ( ३८.५० प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ८६ लाख २४ हजार (४३.६७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ८० लाख ५४ हजार ( २१.२८ प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्य गरिनुपर्दछ ।

१२ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | १७५५२७५०० | १६९७९४३५४.६ | ५७३३१४५.३७ |
| | शसर्त पूँजिगत | १२५००००० | १२४३९७११.२ | ६०२८८.८ |
| | विषेश | १४३४९८७२ | १४२६६८४३ | ८३०२९ |
| | समपुरक | ५७६५००० | ५७६५००० | ० |
| जम्मा | | २०८१४२३७२ | २०२२६५९०८.८ | ५८७६४६३.१७ |
| प्रदेश सरकार | शसर्त चालु | १३१८६००० | ८८३८७४८.९१ | ४३४७२५१.०९ |
| | शसर्त पूँजीगत | ४५००००० | ४२०६६३४.२६ | २९३३६५.७४ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | २००००००० | १६९६५८५९.७६ | ३०३४१४०.२४ |
| जम्मा | | ३७६८६००० | ३००११२४२.९३ | ७६७४७५७.०७ |
| कुल जम्मा | | २४५८२८३७२ | २३२२७७१५१.७३ | १३५५१२२०.२४ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. २० करोड ८१ लाख ४२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. २० करोड २२ लाख ६६ हजार बजेट खर्च भइ बाँकी रु. ५८ लाख ७६ हजार मिति २०८१।३।२९ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु.३ करोड ७६ लाख ८६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु.३ करोड ११ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. ७६ लाख ७५ हजार मिति २०८१।३।२९ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

१३ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु.२२ करोड ५८ लाख ८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरीद गुरुयोजना बनाएको पाइएन ।

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१५ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्धकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **योजना छनौट र कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ५० | ५०००००० |
| २ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ७७ | २३०००००० |
| ३ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | ४३ | ५५०००००० |
| ४ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | २५ | ५४०००००० |
| ५ | रु २० लाख भन्दा माथिका योजना | २२ | ३१५०००००० |
| | जम्मा | २१७ | १६८५०००००० |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना ५० , १ लाख देखि ५ लाख सम्मका योजना ७७ , ५ लाख देखि १० लाख सम्मका योजना ४३, १० लाख देखि २० लाख सम्मका योजना २५ र २० लाख देखि माथिका योजना २२ गरी २१७ योजनामा १६ करोड ५८ लाख विनियोजन गरि योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **ठेक्का बन्दोवस्त** -

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र | २० | ७१८२७८०५ | १३ | ४६६८८०७३ | ७ | २५१३९७३२ | ० | ० | १८ | ६८२३६४१५ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू.७ करोड १८ लाख २७ हजार लागतको ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. ४ करोड ६६ लाख ८८ हजारको १३ ठेक्का, दोश्रो चौमासिकमा रु.२ करोड ५१ लाख ३९ हजारको ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा ठेक्का व्यवस्थापन नभएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत १८ वटा योजनाहरुमा रु. ६ करोड ८२ लाख ३६ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा १८ वटा मात्र सम्पन्न भई २ योजना सम्पन्न गर्न बाँकी देखिन्छ। बाँकी योजना समयमा सम्पन्न गर्न पालिकाले ध्यान दिनुपर्दछ।

१८ **ठेक्का प्रतिस्पर्धा** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता

योजना लागत अनुमान भन्दा ७.०४ देखि ४६.६० प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | **Mastar Chariamile Jayamichaur Chiraudi Vanjyang Sadak** | १५ | १७२६३४१७.३८ | १०२९८५२७.०० | ४०.३४ | रामजाने। भिमढुङ्गा काठमाण्डौं |
| २ | **Kubapani Dekhi Pokharichaur Sadak Starunnati** | १२ | १७२६३६६२.५५ | ११८६१२५२.४० | ३१.२९ | दक्षिणकाली अल ओभर विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. |
| ३ | **Thade Bandre Ropang Khola Birtadada Sadak Starunnati** | २४ | १७२६११२०.०८ | १०१२०७९५.०० | ४१.०८ | एसएस इन्जिनियरिङ्ग कन्स्ट्रक्सन |
| ४ | **Fostar Parilachap Dalang Dumrichaur Sadak** | ५ | ४४२९५१९.७७ | २८०६१५१.७५ | ३६.६५ | यूनिक सप्लायर्स एण्ड कन्स्ट्रक्सन |
| ५ | **Thade Soledada Padhere Bhalukhola Sadak Starunnati tatha Sore Amate Rumta Sadak Starunnati** | ३ | ४४२८८५३.९१ | २३६४९७५.९५ | ४६.६० | शाहशिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स पा.ली. |
| ६ | **Chakmake Ranimala Phedi Sadak** | २ | २६५५२१७.२० | २२११६८९ | १६.७० | विएस निर्माण सेवा |
| ७ | **Katalpauwa Jamune Khola Sadak Starunnati** | २ | ४४३०३२६.७३ | ३३९८२६५ | २३.३० | शेसा कन्स्ट्रक्सन प्रा.ली. |
| ८ | **Wada Karyalaya, Birtadada hudai Koilikharak Sadak Starunnati.** | ५ | ४४२४७७२.२८ | ३२७४५६२.५० | २५.९९ | यू एन कन्स्ट्रक्सन |
| ९ | **Chhatintar Pahareaap Jaubari Pokarigaau Bi. Ka. Tol Manakamana Mandir Sadak.** | ४ | ४३८०४७९.६८ | ३३८९४८० | २२.६२ | थानपति महादेव कन्स्ट्रक्सन |
| १० | **Construction of Primary healthpost Building at Karki Danda , ward No.4** | २ | २२१५९९३.२४ | १८४९९९५.८० | १६.५२ | एस एस इन्जिनियरिङ्ग कन्स्ट्रक्सन |
| ११ | **Mastar Chok dekhi Keurenitar pakkipul jodne sadak** | ५ | २१८४९५५.९ | १६१३७४६.४ | २६.१४ | पुजन पुजास कन्स्ट्रक्सन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | एण्ड इक्यूपमेन्ट प्रा.ली. |
| १२ | **Mastar Dalitbasti Dumsikot Adhuwabari Karkidanda kukhuremod tatha bhaduare gothale bhanjyang kachhi sadak marmat** | ४ | २२१४२१०.९१ | १२११९५४.१९ | ४५.२६ | शाहसिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. |
| १३ | **Keurinitar Aadamkhola Belinitar Baseri Bhutyaha Kharidhunga Sadak Marmat Yojana.** | ४ | ४४३०१९२.३६ | ३२९३४१३.२५ | **२५.६५** | **थानपती महादेव कन्स्ट्रक्सन** |
| १४ | **Chisapani Bajhagau Sadak** | ९ | ५७५९०८५.९५ | ३३७०७४९.५५ | ४१.४७ | पिएस निर्माण एण्ड सप्लायर्स |
| १५ | **Chahara Sirwani Khanepani Aduwabari Khanepani** | ११ | ९९२५५७५.८७ | ६५६२५१५.९५ | ३३.८८ | स्टार निर्माण कम्पनी प्रा.ली. |
| १६ | **Ghimirethumka Machedi Palangkharka Hudai Wada 05 Jodni Sadak Starunnati** | ३ | २२१३७३६.७६ | १२५८२०२.२ | ४३.१६ | शाहसिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. |
| १७ | **Chiraudi Khola Beltar Mastar Khet Kulo Galchhi Ga.Pa. 4, Dhading** | १ | १७६८७२५.५९ | १६४४१५९.९८ | ७.०४ | यूनिक सप्लायर्स एण्ड कन्स्ट्रक्सन |
| १८ | **Belkhu Khola Ratomate Hudai Rotomate Sichai Yojana Galchhi Ga.Pa.4, Dhading** | १ | २१८९४७९.२३ | १९२३२१० | १२.१६ | विएस निर्माण सेवा |
| १९ | **Bahrabise Belintar Hiude Sichai Pakki Khulo Nirmad Galchhi-02** | १ | १७७२५७७.१९ | १५०५४३२ | १५.०७ | यूनिक सप्लायर्स एण्ड कन्स्ट्रक्सन |
| २० | **Supply and Delivery of Fabricated Steel Parts for Trail Bridge (Kheste khola Galchhi 7)** | ३ | १३९१८७८.१६ | १११२१४०.७० | २०.१० | जुनकिरी इन्ड्रस्टिज प्रा. ली. |

१९ **निर्माण कार्य व्यवस्थापन -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।मन्दिर लगायत केही आयोजनाहरु बाहेक अधिकांश १० लाख भन्दा माथिका योजना ठेक्काबाट गर्ने गरेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २१७ | २० | ७१८२७८०५ | १९७ | १५०६१३४११ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २१७ योजनामा मध्ये ठेक्का मार्फत २० वटा योजनामा रु.७,१८,२७,८०५ खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १९७ योजनामा रु.१५,०६,१३,४११ खर्च गरेको छ । अर्थात २१७ योजनामा भएको खर्च रु.२२,२४,४१,२१६ मध्ये ३२.२९ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ६७.७१ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक ग्रावेल १६ किलोमिटर र नयाँ ट्र्याक ८ किलोमिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२० **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२१ **परामर्श सेवा खरिद** -

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२ (१) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम (९) को अधिनमा रही गर्नु पर्दछ ।पालिकाले यस वर्ष स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत परामर्श सेवा वाट कार्य गराइ भुक्तानी गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.१७,७३,५३५।- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अफिस अटोमेसन सिस्टम | विजिनेश म्यानेज्मेन्ट सर्भिसेज प्रालि | १८३७०६६.१० | १७७३५३५ | ३.४५ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष परामर्श सेवा कार्यमा सिलबन्दि दरभाउ पत्रको माध्यमबाट १ वटा सेवा खरिदका लागि जम्मा रु.१८,३७,०६६.१० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.१७,७३,५३५।०० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ३.४५ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ ।सार्वजनिक खरीद ऐन २०६३ को दफा २९ (क) मा परामर्श सेवाको खरीद गर्दा सार्वजनिक निकायमा उपलव्ध जनशक्ति वाट कुनै काम हुन नसक्ने भएमा वाह्य परामर्श सेवा लिन सकिने व्यवस्था समेत रहेको छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दा पालिकाको जनशक्तिको विश्लेषण, परामर्श सेवाको आवश्यकता विश्लेषण गरी खरिद गर्नुपर्नेमा सो गरेको पाइएन ।परामर्श सेवा लिइसकेपछि ति प्रतिवेदन अभिलेखमा जनाई प्रतिवेदनको कार्यान्वयनको अवस्था के रहेको छ एकिन गर्न सकिएन ।

२२ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फर्स्यौट/कारवाही भएका विवाद | फर्स्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ३१ | १५ | ४६ | ६ | ४० |

उपरोक्त विवरण अनुसार गत वर्षका ३१ मुद्दा टुङ्गो लगाउन बाँकी रहेकोमा यस वर्ष नयाँ १५ मुद्दा दर्ता भई ४६ मुद्दा रहेकोमा ६ मुद्दा फर्स्यौट भई यस आर्थिक वर्षको अन्त्यमा ४० मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउन तर्फ ध्यान दिनुपर्दछ ।

२३ **कानुन निर्माण** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | ९ |
| २ | नियमावली | ४ |
| ३ | कार्यविधि, निर्देशिका तथा नीति | ५० |
| | जम्मा | ६३ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ९ ऐन, ४ नियमावली र ५० कार्यविधि निर्देशिका तथा नीति गरी जम्मा ६३ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२४ **सेवा प्रवाहको स्थिति** -

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता ७६९, मृत्यु दर्ता १९०, बसाईसराई दर्ता ८९, विवाह दर्ता ३०८, सम्बन्ध विच्छेद दर्ता ३१ गरी १३८७ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित ५५, भुमिहिन सुकुम्वासी ३७, अव्यवस्थित बसोवास १७३६ गरी १८२८ जना भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन गरेको छ ।

२५ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** -

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ४२ जना स्थायी कर्मचारीलाई रु.२,२७,६८,९८६.६० तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ ।

२६ **कर्मचारी प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त र सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकामा कार्यरत कर्मचारीलाई गाउँ सभाको निर्णयानुसार शुरु तलबको २५ देखि ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता भुक्तानी गर्दा यस वर्ष रु.९७,८२,३३०.९७

प्रोत्साहन भत्ता खर्च गरेको छ । जुन पालिकाको आन्तरिक आय रु.३,६८,९८,३९७.८२ को २६.५१ प्रतिशत हुन आउँछ । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरि सूचक निर्धारण गरि कानून बमोजिम खर्च लख्नुपर्दछ ।

२७ **प्रोत्साहन भत्ता बढी भुक्तानी** -

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२६,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२८ **पेश्की बाँकीको विवरण** -

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद नाघेको पेस्की रु.६५,००,००० र म्याद ननाघेको पेस्की रु.१,८६,५०,००० गरी जम्मा रु.२,५१,५०,००० पेस्की आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई पेस्की बाँकी देखिएकोले नियमानुसार फस्र्यौट हुनुपर्दछ ।

| विवरण | गत वर्षको पेस्की बाँकी | यस वर्षको थप | | गत वर्षको बाँकी | यो बर्ष फस्र्यौट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | म्याद नाघेको | म्याद ननाघेको | | | |
| ठेकेदार | मिलिनियम कल्पवृक्ष जेभि | ० | ० | ६५००००० | ० | ६५००००० |
| ठेकेदार | ओम बुद्ध।बौद्धनाथ।जयाज्योति जेभि | ० | १८६५०००० | ० | ० | १८६५०००० |
| जम्मा | | | १८६५०००० | ६५००००० | | २५१५०००० |

२९ **दरबन्दी र पदपूर्ती** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन् ।

| क्र सं | पद | तह | सेवा | समूह | स्वीकृत दरबन्दि | पदपूर्ति | | पदपूर्ती हुन बाकी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| २ | इन्जिनियर | ७।८ | इन्जि | सिभिल | १ | १ | ० | |
| ३ | अधिकृत | ७।८ | शिक्षा | शि प्र | १ | १ | ० | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | लेखा | १ | १ | ० | |
| ५ | अधिकृत | ६।७ | प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ | प्रशासन | लेखा | १ | १ | ० | |
| ७ | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | ७ | ७ | ० | |
| ८ | कम्प्यूटर अपरेटर | ५ | विविध | विविध | १ | १ | ० | |
| ९ | लेखा सहायक | ५ | प्रशासन | लेखा | १ | १ | ० | |
| १० | प्रा स | ५ | शिक्षा | शि प्र | १ | १ | ० | |
| ११ | हे अ | ५।६ | स्वास्थ्य | हे इ | १ | १ | ० | |
| १२ | सि.अ.न.मी. | ५।६ | स्वास्थ्य | क.न. | १ | १ | ० | |
| १३ | सव इन्जिनियर | ५।६ | इन्जि | सिभिल | ४ | २ | ० | २ |
| १४ | सहायक | ४ | प्रशासन | सामान्य प्रशासन | ५ | ४ | ० | १ |
| १५ | अ सव इन्जिनियर | ४ | इन्जि | सिभिल | ६ | ४ | ० | २ |
| १६ | स महिला विकास निरीक्षक | ४ | विविध | | १ | १ | ० | |
| १७ | खा पा स टे | ४।५ | इन्जि | सिभिल | १ | १ | ० | |
| गाउँकार्यपालिकाको कार्यालय र वडा तर्फ जम्मा | | | | | ३६ | ३१ | ० | ५ |
| भेटनरी तर्फ | | | | | | | | |
| १ | अधिकृत | ७।८ | कृषि | भेट | १ | ० | ० | १ |
| २ | सहायक | ५ | कृषि | भेट | १ | ० | ० | १ |
| ३ | सहायक | ५ | कृषि | लापोडेडे | १ | १ | ० | |
| ४ | सहायक | ४ | कृषि | भेट | १ | ० | ० | १ |
| ५ | सहायक | ४ | कृषि | लापोडेडे | १ | ० | ० | १ |
| जम्मा | | | | | ५ | १ | ० | ४ |
| कृषि तर्फ | | | | | | | | |
| १ | अधिकृत | ७।८ | कृषि | | १ | ० | | १ |
| २ | सहायक | ५ | कृषि | | २ | १ | | १ |
| ३ | सहायक | ४ | कृषि | | १ | १ | | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | ४ | २ | | २ |
| स्वास्थ्य तर्फ | | | | | | | | |
| १ | हे.अ./ज.स्वा.नि. | ०५/०६/२००७ | स्वास्थ्य | हे.ई. | ३ | २ | | १ |
| २ | अ.हे.व./ सि..अ.हे.व. | ४/५/६ | स्वास्थ्य | हे.ई. | ११ | ४ | ७ | ० |
| ३ | अ.न.मी./सि.अ.न.मी. | ४/५/६ | स्वास्थ्य | क.न. | ११ | ६ | ५ | ० |
| ४ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | प्रशासन | ८ | ० | ८ | ० |
| जम्मा | | | | | ३३ | १२ | २० | १ |
| आयुर्वेद तर्फ | | | | | | | | |
| १ | कविराज निरिक्षक | ५।६ | स्वास्थ्य | आयुर्वेद | १ | १ | ० | ० |
| २ | वैद्य | ४।५ | स्वास्थ्य | आयुर्वेद | १ | ० | १ | ० |
| ३ | औषधी कुट्टवा | श्रेणी बिहिन | स्वास्थ्य | आयुर्वेद | १ | ० | १ | ० |
| ४ | कार्यालय सहयोगी | श्रेणी बिहिन | प्रशासन | | १ | ० | १ | ० |
| जम्मा | | | | | ४ | १ | ३ | ० |
| कुल जम्मा | | | | | ८२ | ४७ | २३ | १२ |

यसरी पालिका र पालिका अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित ८२ स्वीकृत दरवन्दी भएकोमा ४७ स्थायी र २३ सेवा करारवाट कार्य सम्पादन हुदै आएको छ भने १२ पदपुर्ति हुन सकेको छैन।दरवन्दी वमोजिम जनशक्तिको पुर्णता नहुदा सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिएको छ ।अत : रिक्त दरवन्दी पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनु पर्दछ ।

३० **अवकास कोष –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुदा योगदानमा आधारित उपदान वा निवृतिभरण औषधी उपचार लगायतको सुविधा उपलब्ध गराउनका लागी दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाइपाई आएको तलवबाट १० प्रतिशत कट्टा गरी अवकास कोषको व्यवस्था गरीने भनिएता पनि पालिकामा अवकास कोष स्थापना भएको पाइएन।

३१ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनुपर्दछ ।

३२ **धरौटी -**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी अर्थ मन्त्रालयको पत्र संख्या २०६९।७० च.नं.३६९ मिति २०६९।६।१७ को परिपत्र बमोजिम मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणपत्र पेश गरेपछि धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी रु.१३,४९,०६८।- मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण वेगर फिर्ता गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ. नं. र मिती | निर्माण व्यवसायीको नाम | पान नं. | रकम |
|---|---|---|---|
| १५।२०८०।९।२३ | गुम्बेसी निर्माण सेवा | ३०००९०५३० | १४६९३० |
| २१।२०८०।१२।१४ | तामाकोशी कन्स्ट्रक्सन कम्पनी प्रा.ली | ३०२२११४६७ | १६०८२४ |
| ३२।२०८१।१।१३ | जलेश्वर निर्माण सेवा | ३००९२९११५ | २९५०७५ |
| ३३।२०८१।१।१८ | इजी टेकनिकल सर्भिसेज प्रा.ली | ६०६६०८२९१ | ४५९९८ |
| ४३।२०८१।१।१८ | खड्का कृष्ण कन्स्ट्रक्सन | | ७००२४१ |
| जम्माः | | | १३४९०६८ |

| प्रमाण पेश नगरेको | १३,४९,०६८ |
|---|---|

३३ **आर्थिक सहायता -**

पालिकाले यस वर्ष संघीय सशर्त अनुदान बाट दीर्घरोगीहरुको लागि मासिक रु. ५,००० का दरले रु. २५,०५,००० तथा पालिकाले विपन्न असाहाय,आगोलागी पिडित, रोगी तथा विभिन्न विपद व्यवस्थापन लगायतमा रु.३,००० देखि रु.२०,००० सम्म आर्थिक सहायता प्रदान गर्ने गरी यस वर्ष रु. १७,६१,००० समेत गरी रु.४२,६६,०००।०० आर्थिक सहायता वितरण गरेको छ । यस्ता खर्चमा न्यूनीकरण गरिनुपर्दछ ।

३४ **अनुदान व्यवस्थापन-**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ८ | ३४२१८२३ |
| २ | पशु तर्फ | ३ | २४६३००० |
| | जम्मा | ११ | ५८८४८२३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष कृषि तर्फ ८ कार्यक्रममा रु.३४ लाख २२ हजार तथा पशु तर्फ ३ कार्यक्रममा रु.२४ लाख ६३ हजार गरी ११ कार्यक्रममा रु. ५८ लाख ८५ हजार वितरण गरेकोमा ति लाभग्राही समुदायले गत वर्ष सोही कार्यक्रममा अनुदान लिए नलिएको सम्बन्धमा एकीन हुन सकिएन भने अनुदान लिइसकेपछि संस्था तथा व्यक्तिले सोही कार्यक्रममा खर्च गरे गरेनन कृषि तथा पशु क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि भयो भएन पालिकावाट नियमित अनुगमन हुने गरेको पाइएन ।

३५ **नक्सा दर्ता र पास -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या | जम्मा अभिलेखिकण |
|---|---|---|---|---|
| १ | २०८०।२०८१ | ४ | ४ | १२ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ४ वटा नयाँ नक्सा दर्ता ४ वटा नक्सापास र १२ वटा नक्सा अभिलेखिकरण गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पास, अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

३६ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही योजना हरु वाहेक १० लाख भन्दा मुनिका योजना हरु उपभोक्ता समिति वाट गराउने गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क) खर्चको अनुमोदन -** नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

**ख) प्राविधिक विल र कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

**घ) हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता

समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

**ङ) लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**च) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

३७ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष गाउँसभा र कार्यपालिका बैठक सञ्चालनमा रु.८,०४,५५२,अतिथि सत्कार, खाजा खाना तथा अन्यमा रु.३८,१६,८५५ गरी कूल रु.४६,२१,४०७ खर्च गरेको छ जुन आन्तरिक आयको १२.५२ प्रतिशत रहेको छ । यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिदुपर्दछ ।

३८ **इन्धन खर्च** -

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा चार पाङ्ग सवारी साधन ६ वटा. दुई पाङ्ग २६ वटा , एक स्काभेटर गरी जम्मा ३३ वटा सवारी साधन रहेका छन ।पालिकाले यस वर्ष इन्धन वापत रु४९३१५४५ खर्च गरेको छ ।यसरी खर्च भएको इन्धनको लगबुक राखेको पाइएन । अत: लगबुक राखि इन्धन खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

३९ **जे सी वी को आम्दानी** -

पालिकासँग पालिकाले खरिद गरेको १ वटा जे सी वी रहेको पाइयो ।उक्त जे सी वी योजनामा प्रयोग भए वापत योजनामा भुक्तानी हुने रकमबाट घटाएर उपभोक्ता समितिलाई बाकी रकम भुक्तानी हुने गरेको पालिकाले जनाएको छ ।यस वर्ष उक्त जेसिभिले रु १० लाख आम्दानी गरेको पालिकाबाट प्राप्त विवरण बाट देखिन्छ ।भने उक्त जे सी वी सञ्चालनका लागि ईन्धन बापत रु.११००००० , २ जना अपरेटरको तलब भत्ता बापत रु.७६३३९२ र मर्मत बापत रु.५५०००० गरी जम्मा रु.२४१३३९२ खर्च भएको छ।

४० **सफ्टवेयर खरिद** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले अफिस अटोमेसन सिस्टम सफ्टवेयर निर्माणको लागी विजिनेश म्यानेज्मेट सर्भिसेज प्रा.ली (६०४३८९७७२) सँग मिति २०८१।१।२७ मा सम्झौता गरेको देखिन्छ। उक्त फर्मले प्रतिवेदन सहित बील पेश गरेकोमा पालिकाले भौ.नं.२९७।२०८१।३।२० बाट रु.१७,७३,५३५।- भुक्तानी गरेकोमा पाम्स मा दाखिला भएको छ भने व्यवसाय दर्ता न्यायिक समिति जेष्ठ नागरिक ,अपाङ्गता साथै वडा कार्यालयहरुमा तथा पालिका अन्तर्गतका कर्मचारीहरुको विवरण चिठी पत्र तयारी लगायतका कार्यहरु कामहरु यसै प्रणालीवाट हुने गरेको छ ।

४१ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले गत वर्षको ३३११९४० । को देहायका फर्मको भुक्तानी बाँकी राखी दायित्व सारी यस वर्ष

भुक्तानी गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका र बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने देखिन्छ ।

| विवरण | रकम |
|---|---|
| ओ एस इन्टरप्राइजेज | ४८८१०३ |
| एनआर ट्रेडस | २३४५९९। |
| छत्रदेव सप्लायर्स प्रा.लि. | ४६२१७०। |
| श्री कृष्ण व्यान सः मिल | ३७०४८५। |
| श्री वागेश्वरी सः मिल | २४१९९९। |
| श्री वागेश्वरी सः मिल | २७६५६८। |
| हलेसी ट्रेडस सप्लार्यस | ४८०२६०। |
| एस. के. मोबाइल हाउस | २७६३९। |
| गल्छी आर्ट | ६२२००। |
| निखिल टायर सेन्टर | ४४०००। |
| फलाई अप टेक्नोलोजी प्रा.लि. | ३८७११। |
| भिजन प्रिन्टीड सपोर्ट एण्ड कम्प्यूटर सेन्टर | ९११७४। |
| श्री कृष्ण व्यान सः मिल | ४९७२०। |
| हिमाल बुक्स एण्ड स्टेशनरी | ६४१६५। |
| ॐ चन्द्रागिरी हाईवेयर | ९३६६३। |
| समता सप्लायर्स प्रा.लि. | ८६४९४ |
| जम्मा | ३३११९४० |

४२ **कर कट्टा नगरेको** -

५४६ -२०८१।२।२८ आयकर ऐन २०५८ को दफा ८७ मा भुक्तानीमा १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टा गर्नु पर्ने व्यवस्था रहेको छ । कानूनी परामर्श तथा वहस पैरवी गरेको भनि क्षितिज ल फर्मलाई मु.अ.कर विजक नम्बर वेगर रु.७५,००० भुक्तानी दिएको देखिएकोले पारिश्रमिक कर कट्टा नगरेकोले रु.११,२५०।- कर कट्टा गरी दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,२५० |

४३ **शिर्षक फरक पारी खर्च**-

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२)ख मा स्वीकृत बजेट तथा कार्यक्रम सम्बन्धित खर्च शिर्षकमा परेको रकम सोही खर्च शिर्षममा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायका खर्च शिर्षक फरक पारी गरेको खर्च नियमित नदेखिएको रु.

| भौनं मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ३६७।२०८०।१२।०२ | करार सेवा शुल्क | मसलन्द तथा कार्यालय सामाग्री | ९५००० |
| ४०२।२०८०।१२।१९ | प्लाष्टिक पोखरी निर्माण सहयोग कार्यक्रम | भकारो सुधार कार्यक्रम | ९०७६० |
| ७५६।२०८१।३।२४ | करार सेवा शुल्क | पारिश्रमिक कर्मचारी | २२७०२९ |
| ७५९।२०८१।३।२४ | मसलन्द कार्यालय सामाग्री | अन्य भाडा | ६८२०१ |
| ७६५।२०८१।३।२४ | मसलन्द तथा कार्यालय सामाग्री | अन्य भाडा | १७६२८० |
| ७६५।२०८१।३।२४ | मसलन्द तथा कार्यालय सामाग्री | अन्य भाडा | ७९२८० |
| जम्मा | | | ७३६५५० |

| | |
|---|---|
| अनियमित भएको | ७,३६,५५० |

४४ **अतिरिक्त तलब सुविधा** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३०,२८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **विद्यालय र विधार्थी संख्या** -

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३७ | ४१२६ |
| २ | संस्थागत विद्यालय | २ | १८७८ |
| | जम्मा | ३९ | ५९५८ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ३९ विद्यालयमा जम्मा विधार्थी संख्या ५९५८ रहेकोमा ६९.२५ प्रतिशत सामुदायिक र ३०.७४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

४६ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती** -

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४६ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/ करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १८० | ८५ | ९५ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्मा १८० दरबन्दी रहेकोमा ८५ जना स्थायी पदपूर्ती र ९५ जना राहत/करारमा नियुक्त गरी जम्मा १८० पदपूर्ती गरेको देखिन्छ । संघीय शिक्षण सिकाई अनुदान आधारभूत तह ६ देखि ८ मा ४ जना र माध्यामिक तहमा २ जनागरी ६ जना प्रदेश शिक्षण सहयोग अनुदान तर्फ माध्यामिक तह १ जना र गाउँपालिका शिक्षण स्वयंम सेवक माध्यामिक तह १६ जना र आधारभूत तह ६ देखि ८ मा ६ जना गरी २३ जना करारबाट शिक्षण कार्य गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४७ **शिक्षक विद्यार्थी अनुपात** -

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८० चैत्रमा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | बाराही आधारभूत विद्यालय | ४ | ७० | १:१८ |
| २ | सरस्वती माध्यमिक विद्यालय | १४ | २८० | १:२० |
| ३ | जालपादेवी आधारभूत विद्यालय | ४ | ३८ | १:१० |
| ४ | भैरवी आधारभूत विद्यालय | ० | 8 | |
| ५ | चिउरीभञ्ज्याङ आधारभूत विद्यालय | ४ | ५७ | १:१४ |
| ६ | कालिदेवी आधारभूत विद्यालय | १ | १६ | १:१६ |
| ७ | सुन्टार आधारभूत विद्यालय | १ | १८ | १:१८ |
| ८ | कल्लेरी माध्यमिक विद्यालय | ११ | १२४ | १:१२ |
| ९ | भक्तबच्छला आधारभूत विद्यालय | ४ | ५६ | १:१४ |
| १० | रक्तबच्छला आधारभूत विद्यालय | ९ | १२३ | १:१४ |
| ११ | धर्मद्वार आधारभूत विद्यालय | ४ | ७९ | १:२० |
| १२ | धादिङ आधारभूत विद्यालय | ७ | ४५ | १:०६ |
| १३ | शिवालय आधारभूत विद्यालय | २ | १४ | १:०७ |
| १४ | जनकल्याण माध्यमिक विद्यालय | १७ | ६७७ | १:४० |
| १५ | किराञ्चोक कार्कीडाँडा माध्यमिक विद्यालय | १५ | ३०० | १:२० |
| १६ | ठाँटीचौर आधारभूत विद्यालय | ३ | ४० | १:१३ |
| १७ | बागेश्वरी आधारभूत विद्यालय | ३ | ३१ | १:१० |
| १८ | भैरवी आधारभूत विद्यालय | १ | २९ | १:२९ |
| १९ | अमन्तादेवी माध्यमिक विद्यालय | १३ | २७२ | १:२१ |
| २० | जलकन्या आधारभूत विद्यालय | ११ | १५७ | १:१४ |
| २१ | कालिका आधारभूत विद्यालय | ३ | ४१ | १:१४ |
| २२ | मनकामना आधारभूत विद्यालय | ४ | ७६ | १:१९ |
| २३ | बालज्योति आधारभूत विद्यालय | ४ | ५५ | १:१४ |
| २४ | अम्लेश्वर आधारभूत विद्यालय | १ | १० | १:१० |
| २५ | बागेश्वरी आधारभूत विद्यालय | ४ | ५८ | १:१५ |
| २६ | बागेश्वरी माध्यमिक विद्यालय | १८ | ६६७ | १:३७ |
| २७ | बागेश्वरी आधारभूत विद्यालय | ३ | ५४ | १:१८ |
| २८ | बालकुमारी आधारभूत विद्यालय | ८ | १५९ | १:२० |
| २९ | बान्द्रे आधारभूत विद्यालय | ३ | ५० | १:१७ |
| ३० | गोगनपानी माध्यमिक विद्यालय | १३ | २१४ | १:१७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | गोगनपानी आधारभूत विद्यालय | ८ | ८९ | १:११ |
| ३२ | जनसेवा आधारभूत विद्यालय | ८ | १०४ | १:१३ |
| ३३ | ज्वालादेवी आधारभूत विद्यालय | ३ | ५२ | १:१७ |
| ३४ | असारे आधारभूत विद्यालय | १ | २३ | १:२३ |
| ३५ | चैनपुर बालविकास केन्द्र | ० | ८ | |
| ३६ | रिपछाप बालविकास केन्द्र | ० | ८ | |
| ३७ | अम्लेश्वर वेदविद्याश्रम | ० | २४ | |
| जम्मा | | २०९ | ४१२६ | १:२० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ३७ वटा विद्यालयमा २०९ जना शिक्षक र ४१२६ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ । श्री जनकल्याण माध्यामिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:४० रहेको छ त्यसैगरी श्री धादिङ आधारभूत विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:६ रहेको छ भने ४ वटा विद्यालयमा ईसिडी सञ्चालन गरेकोले शिक्षक विद्यार्थी अनुपात देखिएको छैन ।कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

४८ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -**

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२० रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

४९ **बढी दरमा सेशन-**

प्रदेश बजेट- प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को अनुसुची १ को सि.नं. ३ मा सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने र एक दिनमा बढीमा ४ सेशन गर्न सकिने व्यवस्था छ साथै अधिकृतस्तरको तालिममा प्रति सेशन तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकले प्रशिक्षण गरे वापत रु.४००।- र कार्यपत्र वापत रु.१०००।- गरी रु.१४००।- पाउने तर सम्बन्धीत निकायको कर्मचारीले प्रशिक्षण गरेमा कार्यपत्र बापत मात्र पाउने व्यवस्था छ। पालिकाले वालविबाहका नकारात्मक प्रभाव न्युनिकरणका लागी जीवन उपयोगी सिप विषयक ३ दिने प्रशिक्षण तालिम कार्यक्रममा सानुमाया भण्डारीले पेश्कि फछ्यौट गर्दा पेश गरेको बिल भरपाईमा प्रशिक्षकलाई प्रशिक्षण भत्ता दिदा मापदण्डले तोकेको भन्दा बढी दरमा भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं र मिती | कार्यक्रम नाम | प्रशिक्षकको नाम | सेशन | प्रति सेशन दिनुपर्ने | दिएको | बढी भुक्तानी कर बाहेक |
|---|---|---|---|---|---|---|
| २२।२०८०।१२।८ | वालविबाहका नकारात्मक प्रभाव न्युनिकरण | सुनिता श्रेष्ठ | १२ | १४०० | २५०० | ११२२० |
| | | | | | असुल गर्नुपर्ने | ११,२२० |

५० **हरियो घाँस विस्तार कार्यक्रम -**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,३२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,१७१** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,७३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,३२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,८७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,७२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,४३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७,२८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८,१२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,१७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५८** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,९५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,७१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,४६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **प्रति विद्यार्थी लागत** –

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १७५८२८००० | १६६५५४००० | ४१२६ | ४०३६७ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. ४०३६७।– रहेको छ ।

५२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकामा यस वर्ष सुचिकृत बेरोजगार ९४० जना मध्ये ८० जनाले यस आ.व. मा पालिका अन्तर्गतका ८ वटा वडामा १८ वटा कार्यक्रम सञ्चालन भई रू. ६६२४३९२ - खर्च भएको र २ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु. २० हजार र ३ जनाको तलब भत्तामा रु.१२ ००३९२ खर्च भएको छ । सञ्चालित योजनाको संख्या तथा रोजगार दाताको व्यहोराहरु निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम/योजना संचालन | रोजगार संख्या | कुल खर्च रकम |
|---|---|---|---|
| १ | कुडारगौडा सियाल्डि सडक | ७ | २६६५६० |
| १ | दर्दरे कालिमाटी गोरेटो बाटो | | २०९४४० |
| १ | लामिडाँडा गोरेटो बाटो | ७ | २३८००० |
| १ | रम्तेल टोल गोरेटो बाटो | | २२२००० |
| २ | अर्चले-वरभञ्ज्याङ-मैदान पैदलमार्ग निर्माण | १० | ६८०००० |
| ३ | ठाटि देखि सितले सम्म गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार | ७ | २०४६८० |
| ३ | मनकामना ग्राउण्ड निर्माण तथा संरक्षण | | २७१३२० |
| ४ | दोभान घट्टा देखि कार्कीडाँडा गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार | ६ | २०४००० |
| ४ | रातमाटे रणकालिका मन्दिर गोरेटो बाटो मर्मत सम्भार | | २०४००० |
| ५ | दागर्चा ढुङ्गे सडक मर्मत सम्भार | ११ | ३३६६०० |
| ५ | सिरवानी कुलाभञ्ज्याङ रैले चोकल भञ्ज्याङ सडक मर्मत सम्भार | | ४११४०० |
| ५ | चेपाङ्ग डांडा देखि ट्रक्टिङ्ग जाने पैदल मार्ग निर्माण तथा मर्मत सम्भार | ७ | ३७६०४० |
| ५ | छरछरे मन्दिर निर्माण | | ९९९६० |
| ६ | बैरेनी देखि बाहुन पलाङ्ग सम्म सिढी निर्माण तथा मर्मत सम्भार | ८ | ३२६४०० |
| ६ | लयडाँडा चौतारा निर्माण तथा मर्मत सम्भार | | २१७६०० |
| ७ | गणेशमान चौतारा बाट नमुना बहुमुखी क्याम्पस पैदल मार्ग | ९ | ३३६६०० |
| ७ | सिमधारा मुल सुधार तथा पैदल निर्माण | | २७५४०० |
| ८ | चकमके रानीमाला सडक मर्मत सम्भार तथा संरक्षण | ८ | ५४४००० |
| कुल | | ८० | ५४२४००० |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु.६६२४३९२।- खर्च भएको देखिन्छ। निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

५३ **शैक्षिक गुणस्तर** -

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ३०२ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | सहभागी विद्यार्थी संख्या | | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ७९ | २२३ | ३४ | ३ | ४३.०३ | १.३४ |
| २ | ३.२१ - ३.६० | | | ३० | १२ | ३७.९७ | ५.३८ |
| | जम्मा | ३०२ | | | | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए.ल्याउने ३७ जना विधार्थी मध्ये ३४ जना संस्थागत र ३ जना समादयिक, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने ४२ विधार्थी मध्ये ३० जना संस्थागत र १२ जना विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ ।जसअनुसार उच्च

जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको तथा सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.४०,३६७।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

५४ **आन्तरिक श्रोत शिक्षक व्यवस्थापन** -

संघ सरकारको श्रोतबाट शिक्षकहरुको तलब भत्ता भुक्तानी भै सकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी पालिका अन्तर्गतका ९ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यमिक तहमा १७ शिक्षकलाई करार सम्झौता गरी नीजि शिक्षकको रुपमा पदस्थापन गरेको छ ।यस वर्ष नीजि शिक्षकको तलबमा समानिकरण अनुदानबाट कूल खर्च रु. ५८,६४,०००.०० निकासा भएको छ ।यसरी नीजि स्रोत शिक्षक करारमा नियूक्ति गरी समानिकरण अनुदानबाट शिक्षक करारमा नियुक्ती गर्दा विद्यालयमा विद्यार्थी संख्या, शिक्षक सिकाई आवश्यकता, विषय विज्ञ शिक्षक जस्ता विषयमा विश्लेषण गर्नुपर्नेमा सो नगरी खर्च लेखेको छ । यसरी आन्तरिक श्रोत शिक्षक व्यवस्थापन गर्दा शैक्षिक तथा व्यवसायिक गुणस्तरमा वृद्धि भयो भएन सो को अनुगमन गरिनुपर्दछ ।

५५ **बढी भुक्तानी** -

५५.१ ३१५।२०८१।३।२२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा लाभग्राहि समुदायले हरेक किस्ताको प्राविधिक मूल्याङ्कन बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई भुक्तानीका लागी सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। मागमा आधारित विकास योजना र सडक खानेपानी सिचाई विद्युत तथा यस्तै प्रवृतिका अन्य कार्यक्रम शिर्षकबाट प्राविधिक मूल्याङ्कन अनुसार पिताम्बर लामिछानेलाई रु.५७,२३०।- भुक्तानी दिनुपर्नेमा रु.५९,९२०।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६९० |

५५.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रु **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६ **सामुदायिक विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा सम्बन्धमा** -

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भई आउने शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धका विषयमा निम्नानुसार देखिएको छ।

५६.१ धादिङ आधारभूत विद्यालयका शिक्षक युवन कुमार जर्घा २०८०।८।११ गते नियुक्ति भएकोमा मङसिर महिनाको २० दिनको रु.२४,४८७।- भुक्तानी दिनुपर्नेमा पुरै महिनाको रु.३६,७३०।- भुक्तानी भएकोले १० दिनको बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२४३ |

५६.२ धादिङ आधारभूत विद्यालयमा कार्यरत कार्यालय सहयोगी सान्नानी ठाडा मगर लाई मासिक रु.८,०००।- का दरले भुक्तानी गर्नुपर्नेमा पालिकाले दोस्रो र तेस्रो त्रैमासिकमा रु.१०,०००।- का दरले भुक्तानी गरेकोले बढी भुक्तानी प्रति महिना रु.२,०००।- का दरले ६ महिनाको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

५६.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **९१,३९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५६.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१३,१०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **प्राविधिक भत्ता** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **विद्यालयको शैक्षिक गुणस्तर** -

शिक्षा मानव श्रोत तथा विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कम्पोनेन्ट नं. ९.८ मा नमूना विद्यालयलाई भौतिक पूर्वाधार निर्माणको लागी बजेट विनियोजन भई वागेश्वरी माध्यामिक विद्यालयलाई भौचर नम्बर १७१ मिति २०८१।३।२३ मा रु ३० लाख निकासा दिई भौचर नम्बर २७९ मिति २०८१।३।२३ मा पेश्कि फछ्यौट को फाटवारी पेश गरेकोमा विद्यालयले बार्षिकउत्सव, सरस्वति तथा गणेश मुर्ति, अङग्रेजी शिक्षक तलब भत्ता लगायतमा रु.३०,०४,९२३।- फाटवारी पेश गरेकोमा निर्देशिकाले तोके वमोजिम शैक्षिक पूर्वाधार, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनमा खर्च गरी जीव विज्ञान, रसायन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा सो नगरेको साथै सोहि निर्देशिकाले तोके बमोजिम पालिकाले अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने व्यवस्था भएता पनि कार्य प्रगति पठाएको पाइएन।

५९ **सेनिटरी प्याड खरिद** -

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा सामुदायिक विद्यालयका छात्रा को लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढिमा १६ वटा सेनिटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारी तोकि प्याड वितरण प्रक्रिया संचालन गर्नुपर्ने

व्यवस्था रहेको छ। पालिकाले गत आ.व. २०७९।०८० को आषाढ मसान्त मिति २०८०।३।२४ मा समता सप्लायर्स बाट २७०० थान प्याड खरिद गरी निजलाई रु.२,०२,४९४। भुक्तानी दिएको र यस आ.व. मा भौचर नम्बर ३१ मिति २०८०।६।३० मा सुप्रिम लाइफ साइन्सबाट ५६६० थानको रु.७०.३५ का दरले हुने रु.४,४९,९७०। भुक्तानी दिएकोमा कुल जम्मा ८३६० थान सम्बन्धित विद्यालय महिला शिक्षक वा तोकिएको कर्मचारीलाई बुझाई सम्वधित विद्यालयले सो को भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४९,९७० |

६० **स्वास्थ्य तर्फ-**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| अस्पताल | १ | ३० | ५ | १६ | २४४५७ | १५७१७८७ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | ७ | ५६ | ८ | १६ | ३५०५९ | २२५३२१३ |
| जम्मा | ८ | ८६ | १३ | ३२ | ५९५१६ | ३८२५००० |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल ७ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कुल ८६ दरबन्दी रहेकोमा हाल १३ पद स्थायी र ३२ पद करार मार्फत पुर्ती गरी यस वर्ष ५९५१६ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

६१ **प्रमाण पेश नगरेको** -

२५।२०८१।२।२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(१) अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका स्वास्थ्य संस्थाहरुलाई दैनिक कार्य संचालन गर्नकोलागि निजहरुको बैंक खातामा रु.१०,००,०००।- रकम जम्मा गरेकोमा सो खर्च पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न रहेको छैन । लेखापरिक्षण प्रतिवेदन तथा खर्च रकमको प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| संस्थाको नाम | रकम |
|---|---|
| बैरेनी अस्पताल | २००००० |
| कल्लेरी स्वास्थ्य चौकी | १५०००० |
| गोगन पानी स्वास्थ्य चौकी | १५०००० |
| डुम्रीचौर आधारभुत स्वास्थ्य केन्द्र | १००००० |
| आमडाँडा आधारभुत स्वास्थ्य केन्द्र | १००००० |
| कार्कीडाँडा आधारभुत स्वास्थ्य केन्द्र | १००००० |
| विर्ताडाँडा आधारभुत स्वास्थ्य केन्द्र | १००००० |
| भोटेपलाङ आधारभुत स्वास्थ्य केन्द्र | १००००० |
| जम्मा | १०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

६२ **सामाजिक सुरक्षा भत्ता वितरण** -

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार भत्ता वितरण गरेको छ।

| किस्ता | निकासा | वितरण | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २८६५३१५२ | २८६५१४७५ | २९४५ | |
| २ | २८८७२८०४ | २८८७०५३७ | २९६६ | |
| ३ | २८९४४३८६ | २८९४०३८६ | २९८३ | EFT |
| ४ | २९१७५५०६ | २९१४६४३२ | ३०१७ | EFT |
| जम्मा | ११५६४५८४८ | ११५६०८८३० | | |
| फिर्ता गरेको | | | | |
| २०८०।१०।१९ | | | | २०५४८६ |
| २०८०।१२।९ | | | | ९६२७७ |
| २०८१।०२।१७ | | | | ३७०६७ |
| २०८१।५।२६ | | | | ६८२८६ |
| जम्मा फिर्ता | | | | ४०७११६ |

६३ **पारिश्रमिक कर** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१,५६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६४ **नर्म्स भन्दा बढी भुक्तानी** -

३२५।२०८०।११।१७ गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका २०८० परिच्छेद ६ नियम १६(२) क मा प्रशिक्षक तथा कार्यपत्र प्रस्तुतकर्ताले दैनिक २ सेसनको भुक्तानी लिन पाउने तथा कक्षा अवधि कम्तिमा डेड घण्टाको हुनुपर्ने र प्रति सेसन रु २००० र कार्यपत्र तयारी वापत रु.१,०००।- भुक्तानी गर्न सक्ने व्यवस्था छ ।कार्यालयका कर्मचारी श्री सानुमाया भण्डारीले २०८०। ९।११ देखि २६ सम्म प्रत्येक वडामा २ दिनको दरले सञ्चालन गरेको बालबालिकाको आवधिक लगानी योजना निर्माण कार्यशाला कार्यक्रममा प्रशिक्षक श्री शर्मिला पौडेललाई प्रतिदिन २ सेशनको दरले १६ दिनको ३२ सेसनको प्रति सेसन रु.२,०००।- का दरले कर बाहेक रु.५४,४००।- भुक्तानी गर्नुपर्नमा प्रति दिन ३ सेसनको दरले १६ दिनको ४८ सेसनको रु.२,५००।- का दरले कर बाहेक रु.१,०२,०००।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.४७,६००।- सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४७,६०० |
|---|---|

६५ **औषधि खरिद** -

६५.१ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम १ ( क ) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझौ खरीद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पबमा सुचना प्रकाशन नगरी सोझं विधिवाट २ वटा फर्मबाट रु.१६,३९,५३०। को खरीद गरेको छ ।यसबाट आपुर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच

न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत वीज्ञबाट मुचुल्का उठाइ राख्ने नगरेको , आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन । औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

६५.२ सार्वजनिक खरिद नियमावली २०६४ नियम ८५ (१) क मा औषधिजन्य मालसामान पच्चिस लाख सम्म सोझै खरिद गर्न सकिने र त्यो भन्दा बढी खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट गरिद गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष पशु शाखाको लागि आवश्यक औषधि रु.३१,६८,०६५।- को सोझै खरिद विधिबाट निम्नानुसारका फर्मबाट खरिद गरेको देखियो ।

| भौनं मिति | सप्लायर्सको नाम | खर्च रकम |
|---|---|---|
| १६७।२०८०।९।०६ | नेचर भेट सप्लायर्स प्राली | ६८८५७९ |
| ३२८।२०८०।११।१८ | शान्ति समिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ३९२५१७ |
| ३७९।२०८०।१२।८ | जय बाराही ट्रेड एण्ड कन्सर्न प्राली | ७९४६९४ |
| ६९३।२०८१।३।२२ | किसान भेट डिष्टिब्यूटर प्राली | ८९६९८५ |
| ६९४।२०८१।३।२२ | प्रदिप भेट फर्मा | २४६९४० |
| ७२०।२०८१।३।२३ | प्रदिप भेट फर्मा | १४८३५० |
| जम्मा | | ३१६८०६५ |

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२)मा प्रतिस्पर्धालाई सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था विपरित खर्च गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३१,६८,०६५ |

६६ **सोझै तथा टुक्रे खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा प्याकेजिङ्ग तथा रिप्याकेजिङ्ग गरी ठेक्का सम्झौता गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायवमोजिम मेशिनरी औजार, फर्निचर, मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद गरि रु.२३,६१,५०५।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| क्र सं | मिति | भौचर नं | कार्यक्रमको नाम | पार्टिको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | २०८०।०६।३० | १६ | मेशिनरी तथा औजार | सनराईज इन्टरप्राईजेज | ६८७७०० |
| २ | २०८१।०१।२७ | १६२ | | एस.पि.ट्रेड एण्ड सप्लायर्स प्रा.लि. | ८ , ३५ , ४०९ |
| ३ | २०८१।०२।०९ | १९२ | | सनराइज इन्टरनेशनल आई.टि. कम्युटर | १ , ७० , ८१५.८० |
| ४ | २०८१।०२।२१ | २०७ | | आइ वेस टेक्नोलोजी | १ , १० , ७४० |
| ५ | २०८१।०२।२९ | २२५ | | पिण्डेश्वरी इन्टरप्राइजेज | १ , १८ , ८१९ |
| ६ | २०८१।०३।२३ | ३२१ | | ई मेशिन सप्लायर्स | ३५०८६६ |
| जम्मा | | | | | १०३८५६६ |
| क्र सं | मिति | भौचर नं | कार्यक्रमको नाम | पार्टिको नाम | रकम |
| १ | २०८०।०६।२६ | ७ | फर्निचर तथा फिक्चर्स | गल्छी रुम डेकुरेट सप्लायर्स | १७२५२९ |
| २ | २०८०।०६।२६ | ७ | | श्री कृष्ण व्यान सः मिल | २६३९२० |
| ३ | २०८०।१०।०८ | ४३ | | श्री वागेश्वरी स मिल | १५६७३७ |
| ४ | २०८१।०३।२२ | ३१६ | | श्री कृष्ण व्यान सः मिल | ४२९८५१ |
| जम्मा | | | | | १०२३०३७ |
| क्र सं | मिति | भौचर नं | कार्यक्रमको नाम | पार्टिको नाम | रकम |
| १ | २०८१।०१।०४ | ४ | स्थास्थ्य संस्थाहरुका लागि ल्यापटप खरिद | शुश्रीत इन्टरप्राइजेज | २९९९०२ |
| जम्मा | | | | | २९९९०२ |
| कुल जम्मा | | | | | २३६१५०५ |

६७ **प्रमाण पेश-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ कार्यालय प्रमुखले खरिद गरि वा हस्तान्तरण भै आएको मालसामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वैरेनी वजार खानेपानी योजनाको लागी पशुपति ट्रेडर्स बाट एच.डि.पि पाइप, पानी टैंकी लगायतका सामान खरिद गरी रु.६,९८,०६३।- भुक्तानी भएकोमा सो सामान जिन्सी दाखिला गरि आयोजनामा उक्त सामान प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९८,०६३ |

६८ **सोलार वत्ति जडान** -

३८।२०८१।३।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा वील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले लाइफ इनर्जि प्रा.ली वाट ७ थान सोलार वत्ति सोझै खरिद गरी निजलाई रु.७,९४,०७५।- भुक्तानी दिएको देखिएकोले ति सोलार वत्ति कहाँ कहाँ जडान गरिएको हो सो जडान को प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९४,०७५ |

६९ **गाउँपालिकाको प्रशासकीय भवन -**

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि वेसमेन्ट बाहेक ६ तलाको लागि लागत अनुमान रु.१७८२७३०७५/९७ रहेकोमा निर्माण व्यवसायी ओम बुद्ध/बुद्धनाथ/जयज्योति जे.भी. सँग मिति २०८२/०३/१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०२/२८ मा

रु.१०,६७,४६,०२८/१२ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६९.१ शहरी विकास मन्त्रालयको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण (दोस्रो संशोधन) मापदण्ड, २०७८ को बुँदा १३ योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको उपबुँदा १३.७ को खण्ड (ख) अनुसार भवनको उचाई अनुसार संधियार तर्फको न्यूनतम सेटव्याक भवनको उचाई १७ मिटर भन्दा बढी २४ मिटरसम्म ४ मिटर हुनुपर्नेमा गाउँपालिकाको भवनको उचाई २१ मिटर रहेकोमा ४ मिटर सेटव्याक हुनुपर्नेमा न्यूनतम ०.७५ मिटर र अधिकतम २ मिटर मात्र रहेको छ ।

६९.२ सोही मापदण्डको उपबुँदा १३.१२ भूँई क्षेत्रको अनुपात (Floor Area Ratio: FAR) मा पुरानो शहरी क्षेत्र बाहेकका अरु क्षेत्रमा अधिकतम भूँई क्षेत्रको अनुपात पहाडमा २.५ हुनुपर्नेमा जम्मा तला संख्या ६ को प्रत्येक तला (भूँई देखि पाँचौ तला ४०८.६६ वर्ग मिटर र छैटौं तलाको ६१.९७ वर्ग मिटर गरी जम्मा २१०५.२७ वर्ग मिटर रहेको र पालिकाको जग्गाको लालपूर्जामा भएको कित्ता अनुसार ५२८.५२ वर्ग मिटर अनुसार हुने (FAR) = कूल भवनको तलाको क्षेत्रफल / कूल जग्गाको क्षेत्रफल = ३.९ रहेकोले अधिकतम भन्दा १.४ बढी रहेको छ । यसरी सरकारी संस्थागत भवन निर्माण गर्दा भूँई क्षेत्रको अनुपात नमिलाई निर्माण गरेको छ ।

६९.३ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नेपाल रोड स्टेन्डर २०७० ले तोकेको सडक क्षेत्राधिकार (राइट अफ वेए ११.९.१) मा राष्ट्रिय राजमार्गको कुल ५० मिटर रहेकोमा दक्षिण तर्फ रहेको पृथ्वी राजमार्गको केन्द्रबाट गाउँपालिकाको भवन अधिकतम २७ मिटर र न्यूनतम २५.७५ मिटर मात्र रहेको छ ।

६९.४ गाउँपालिकाको भवन मूख्य संरचना राजमार्गको राइट अफ ओए र सेट व्याक भित्र नपर्ने तर नक्सा डिजाइनमा भवन संरचनाको बाहिर (टप,बार्दली) सेट व्याकभित्र पर्ने देखिन्छ ।

यसरी सरकारी भवन निर्माण गर्दा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड तथा भवनको मूल संरचना राइट अफ ओएमा नपरेपनि सेट व्याक नेपाल रोड स्टेन्डर, २०७० बमोजिम राइट अफ ओए भित्र परेको देखिएकोले भवन निर्माण गर्दा तोकिएको मापदण्ड पालना गरिनुपर्दछ।

७० **वागेश्वरी मा.वि भवन सम्बन्धमा** -

यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन।

७०.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ वमोजिम सार्वजनिक निकायले २० लाख भन्दा माथिको निर्माण कार्य गराउदा वोलपत्रको माध्यामबाट गराउन सकिने व्यवस्था छ। पालिकाले वागेश्वरी माध्यामिक विद्यालयको भवन निर्माणका लागी डि.वि.एन एस। इरोज।जि.के.जे.भी सँग मिति २०८१।५।१६ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।५।१६ मा रु.३,६०,०९,६७१।०२ मा सम्झौता भई रु.६०,८०,०००।- पेश्कि दिएकोमा हालसम्म रु.२९,३७,०५०।- पेश्कि कट्टा भएको छ।

७०.२ सोहि नियमावलिको नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्न सकिने व्यवस्था रहेता पनि निजलाई कार्य सम्पन्न गर्नुपर्ने गरि दिइएको म्याद मिति २०८१।५।१६ भएकोमा लेखापरिक्षण अवधि सम्म म्याद थप हुन सकेको देखिएन।

७०.३ सार्वजनिक खरिद ऐन २०६३ को नियम ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायीलाई खरिद सम्झौता बमोजिम तोकिएको पेश्कि दिन सकिने व्यवस्था साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई पेश्कि दिन सकिने तर नियम ५०(४) मा जुनसुकै कुरा लेखिएतापनि आर्थिक बर्षको अन्त्यमा बजेट फ्रिज हुने उदेश्यले कसैलाई पेश्कि दिन नहुने उल्लेख रहेको अवस्थामा पालिकाले निज निर्माण व्यवसायिलाई तोकिएको पेश्कि उपलब्ध भैसकेपछि भौचर नम्बर ४४ र ४६ मिति २०८१।३।२४ मा विद्यालयको खातामा रु.७४,०६,३१३।- निकासा दिएको देखिन्छ। सम्झौता निर्माण व्यवसायी बाट गर्ने र बजेट फ्रिज हुने उदेश्य राखि विद्यालयको खातामा रकम निकासा दिनु कानुन विपरित भएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७४,०६,३१३ |

७०.४ सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२४ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई अन्तिम वील बमोजिमको रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। निज निर्माण व्यवसायीको म्याद थप नभएको, रकम विद्यालयको खातामा पठाएको अवस्थामा पालिकाले निज निर्माण व्यवसायीलाई भुक्तानिको फरफारक कसरी गर्ने हो एकिन गर्न सकिएन।

७१ **घटी कर कट्टि सम्बन्धमा** -

७१.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,१४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१.२ २७८।२०८१।०३।२३ आयकर ऐन २०५८ को दफा ८९(१) मा भुक्तानीमा अग्रिम आय कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्मारिका ट्रेडर्सलाई रु.२९२३८८। भुक्तानी गरेकोमा अग्रिम आयकर रु.३,८८१।२५ कट्टी गर्नुपर्नेमा रु.१,७८२।- कट्टी गरेकोले कम कट्टी गरेको रु.२,०९९।२५ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९९ |

७२ **राजश्व अभिलेख** –

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।पालिकाले आन्तरिक राजश्व रु. १९६०१६०२।७२ र अन्य राजस्व स्थानीय रु. ५६७९७४२।४ गरि जम्मा रु ३६८९८३९७।२८ आम्दानी देखाएको छ भने प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धतिको विकास भएको पाइएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

७३ **कर संकलन** -

७३.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ५६५०००००। ०० गरेकोमा असुली रु ३६८९८३९७।२८ भएको छ ।जुन अनुमानको तुलनामा ६५.३० प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । विभिन्न शिर्षकमा असुलि गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | असुली |
|---|---|
| सम्पती कर | ३०२०४८१ |
| भुमिकर/मालपोत | १३२७ |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर | ३६०१९५३ |
| वहाल कर | १५९०९६२.३१ |
| अन्य मनोरन्जन कर | २००० |
| व्यवसायले भुक्तानी गर्ने | १२५०० |
| अन्य कर | २२०५८१७.३७ |
| विद्युत सेवा शुल्क | ३२०० |
| अन्य सेवा शुल्क तथा बिक्री | ४५२९० |
| न्यायिक दस्तूर | ८०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ३९६०० |
| नक्सापास दस्तुर | १६१०२२ |
| सिफारिश दस्तुर | १०३८०५७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ३००४५० |
| नाता प्रमाणित दस्तुर | ३४६०० |
| अन्य दस्तुर | २४७०६१२६.९८ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५६३५० |
| विद्युत सम्बन्धी दस्तुर | ३९१०० |
| अन्य क्षेत्रको आय | ३२०० |
| अन्य राजश्व | ८५०० |
| व्यवसाय कर | ४४३८ |
| बेरुजु | २२६२० |
| दहत्तर बहत्तर शुल्क | २ |
| जम्मा | ३६८९८३९७.२८ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

७३.२ **घर जग्गा बहाल कर-** पालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू १५९०९६२.९३ कर संकलन

गरेको छ। पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन । अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ

७४ **राजस्व आम्दानी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । पालिकाको बैङ्क स्टेटमेन्टमा यस बर्ष आन्तरिक राजस्व खातामा रु.३,६८,९८,३९७।२८ जम्मा भएको देखिन्छ। उक्त राजस्व रकम पालिकाले स्राग्रीला सफ्टवेयर, नगदी रसिद र सुत्र बाट संकलन गरेकोमा नगदी रसिदबाट कट्टा भएको राजस्व कहिले रसिद काटियो र कति समयपछि बैंकमा दाखिला भयो सो एकिन हुन सकेन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ।

क) साग्रीला सप्टवेयर बन्द गरेकोले सो मार्फत कति राजस्व संकलन भएको हो सो को विवरण उपलब्ध नभएको।

ख) राजस्व संकलनमा प्रयोग हुने म.ले.प. फारम नं. १०१ देखि ११५ सम्मका फारम प्रयोग गरेको पाइएन भने नगदी रसिद नियन्त्रण खाता नराखेकोले के कति रसिद छापिएको हो र कति प्रयोग भए कति राजस्व संकलन भएको भन्ने विवरण उपलब्ध हुन सकेन।

अतः पालिकाले प्रत्येक वडा र पालिकाबाट कुन कुन शिर्षकमा के कति राजस्व संकलन गरेको हो र सोहि बमोजिम राजस्व खातामा दाखिला भए नभएको एकीन गर्नुपर्दछ।

७५ **फोहरमैला व्यवस्थापन** -

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल गाउँपालिकाले गाउँपालिकाको आफ्नै सवारी साधनको प्रयोग गरेर फोहोर मैला ब्यबस्थापन गरेको छ ।

७६ **ढुगा गिटी वालुवा संकलन तथा विक्रिवितरण सम्बन्धमा** -

वागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न वनेको ऐन २०८० को दफा ९ अनुसार आ व २०८०।८१ मा माटो ढुङ्गा गिटी वालुवा दहत्तर वहत्तर को संकलन मा अनुसुची ५ अनुसार प्रतिघन फिट रु ९ रुपैयाका दरले शुल्क लाग्ने व्यवस्था रहेको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ ।

७६.१ पालिकाले आ व २०८०।८१ को दहत्तर वहत्तरका लागि मिति २०८०।२।२५ मा प्रथम पटक सुचना प्रकाशन गरी ५४४५६०२ घनफिट गिटी वालुवा संकलनका लागि रु.४,९०,१०,४१८ सुचना प्रकाशन भएकोमा कुनै पनि फर्म वाट ठेक्का स्वीकार गर्न नआएको र यसैगरी तेस्रो पटक सम्म पनि नपरेको देखिन्छ।

७६.२ कार्यपालिकाको बैठक संख्या ३ मिति २०८०।६।२१ को निर्णय गरी पालिकाले आ.व २०८०।८१ लागि नदीजन्य पदार्थ उत्खनन विक्री तथा निकासी प्रयोजनका लागि ठेक्का आह्वान गरिएकोमा ठेक्का नलागेकोले ठेक्का नलागे सम्म अमानत बाट कर संकलनका लागि असोज २२ गते सम्म पालिकाको कर्मचारीबाट संकलन गरेकोमा २०८०।६।२३ गते बाट दैनिक ज्यालादरीमा कर्मचारी नियुक्त गरेको छ।

७६.३ संकलन घाटमा असोज २२ भन्दा अगाडी पालिकाको कर्मचारीबाट संकलन गरेकोमा संकलनमा कार्यरत ३५ कर्मचारीलाई प्रोत्साहन भत्ताको रुपमा रु.६,४२,४००।- र असोज २२ पछि ६ जना व्यक्तिहरुलाई जिल्ला दररेटका आधारमा दैनिक रु.६८५ का दरले असार मसान्त सम्म रु.११,४२,५८०।- गरी जम्मा रु.१७,८४,९८०।- कर संकलनमा खर्च भएको छ।

७६.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) अनुसूची १ मा कर छुट हुने वस्तु तथा सेवाहरुको व्यवस्था रहेको छ । तर ढुंङ्गा, गिटी, वालुवामा मूल्य अभिवृद्धि कर छुट नहुने व्यवस्था रहेकोमा पालिकाले ढुंङ्गा गिटी वालुवामा अमानतबाट कार्य गराई दश चक्का गाडीको प्रति गाडी रु.३६००।-, टिपरको प्रति टिपर रु.२६६५। र सानो मिनि टाटाको प्रति गाडि रु.१४४० का दरले रु.६,०७,३७,११९।- राजस्व उठाएकोमा सो रकममा मूल्य अभिवृद्धि कर उठाएको नदेखिएकोले सोही ऐन अनुसार मूल्य अभिवृद्धि कर वापतको कर रु. ७८,९५,८२५ ।- दाखिला गरेको प्रमाण गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,९५,८२५ |

७६.५ ढुङगा गिट्टी संकलन तथा विक्रि वितरणमा कति घन फिट ढुङगा गिट्टी वालुवा संकलन तथा विक्रि वितरण भयो सोको एकिन परिमाण खुल्ने गरी अभिलेख राखेको पाइएन।

७६.६ सोही ऐनको दफा ९ अनुसार उठेको राजस्व सोही ऐनको दफा ९ को उपदफा ४ बमोजिम स्थानीय तहबाट उठाइएको ढुङ्गा गिटी वालुवाको रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी जम्मा भएको रकम बाडफाँड गरी ६० प्रतिशत स्थानीय संचित कोषमा र बाँकि ४० प्रतिशत रु.२,४५,६१,५१४।- प्रदेश संचित कोषमा पठाउनुपर्नेमा मिति २०८१।१।१० मा रु.१,६०,८०,०००।- पठाएकोमा बाँकि रु.८४,८१,५१४।- प्रदेश सञ्चित कोषमा पठाएको पाइएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गल्छी गाउँपालिका, धादिंग , गल्छी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nar Bahadur BK | २०८०-८-२० | २०८१-१०-१० |
| कार्यालय प्रमुख | लक्ष्मण कुइँकेल | २०७९-१२-१२ | २०८०-८-१ |
| कार्यालय प्रमुख | नविन गङतान लामा | २०८१-१०-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राम प्रसाद आचार्य | २०७९-४-९ | २०८१-८-७ |
| लेखा प्रमुख | मोहन प्रसाद पाण्डे | २०८१-९-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४२२,२१४ | ११,३१०,९२८ | १२,१८७,००१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,९२०,१४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३२३,११२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २३,५९७,०३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९८५२६३१०.३८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३२९४८३७२ | चालु खर्च | ३७८९४९००६.१ |
| प्रदेश सरकारबाट अनुदान | ५२१७४००० | पूँजीगत खर्च | २२५८०८५५५.१ |
| राजश्व बाँडफाँट | ९४६५५५७५.५५ | वित्तीय/अन्य व्यवस्था | १५०५३३४४३.६७ |
| आन्तरिक आय | ३६८९८३९७.२८ | | |
| अन्य आय | १८१९६३२७०.१९ | | |
| कुल आय | ६९८६३९६१५.०२ | कुल खर्च | ७५५२९१००४.८७ |
| बाँकी मौज्दात | | ४१८७४९२०.५३ | |

अनुसूची - २

## बेरूजु दफा ३.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३२

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ६३,९५,११२.१७ | ०.०० | ६३,९५,११२.१७ | १०,५०,९०,८४१.८५ | ०.०० | १०,५०,९०,८४१.८५ |
| १३००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | ३७,१५,७१,१५१.७६ | ०.०० | ३७,१५,७१,१५१.७६ |
| १४००० | अन्य राजस्व | | ०.०० | ०.०० | ०.०० | ६,५०,८३,०२६.९२ | ०.०० | ६,५०,८३,०२६.९२ |
| १५००० | विविध प्राप्ति | | ०.०० | ०.०० | ०.०० | २२,६२०.०० | ०.०० | २२,६२०.०० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ०.०० | ०.०० | ०.०० | २.०० | ०.०० | २.०० |
| क | कुल जम्मा प्राप्ति | | ६३,९५,११२.१७ | | ६३,९५,११२.१७ | ५४,१७,६७,६४२.५३ | | ५४,१७,६७,६४२.५३ |
| ३ | चालु | | २२,२४,४६७.०० | ०.०० | २२,२४,४६७.०० | ३७,८९,४९,००६.१२ | ०.०० | ३७,८९,४९,००६.१२ |
| २१००० | पारिश्रमिक / सुविधा | | ०.०० | ०.०० | ०.०० | ९,०७,५९,६२१.३० | ०.०० | ९,०७,५९,६२१.३० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | २२,१९,४६७.०० | ०.०० | २२,१९,४६७.०० | ११,१९,७९,४७८.१४ | ०.०० | ११,१९,७९,४७८.१४ |
| २५००० | सहायता (Subsidy) | | ०.०० | ०.०० | ०.०० | १३,३९,६४,१३४.६१ | ०.०० | १३,३९,६४,१३४.६१ |
| २७००० | सामाजिक सुरक्षा | | ५,०००.०० | ०.०० | ५,०००.०० | १,३२,३४,१३७.५२ | ०.०० | १,३२,३४,१३७.५२ |
| २८००० | अन्य खर्च | | ०.०० | ०.०० | ०.०० | २,९०,११,६३४.५५ | ०.०० | २,९०,११,६३४.५५ |
| ४ | पूंजीगत | | ०.०० | ०.०० | ०.०० | २२,५८,०८,५५५.१० | ०.०० | २२,५८,०८,५५५.१० |
| ३१११० | भवन तथा | | ०.०० | ०.०० | ०.०० | ४,७९,९६,७७४.५३ | ०.०० | ४,७९,९६,७७४.५३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संरचना | | | | | | | |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ०.०० | ०.०० | ०.०० | ५५,६०,४७२.६८ | ०.०० | ५५,६०,४७२.६८ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ०.०० | ०.०० | ०.०० | २२,५३,४८५.०० | ०.०० | २२,५३,४८५.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ०.०० | ०.०० | ०.०० | १६,९९,९७,८२२.८९ | ०.०० | १६,९९,९७,८२२.८९ |
| ख) | कुल जम्मा भुक्तानी | | २२,२४,४६७.०० | | २२,२४,४६७.०० | ६०,४७,५७,५६१.२२ | | ६०,४७,५७,५६१.२२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ४१,७०,६४५.१७ | | ४१,७०,६४५.१७ | (६,२९,८९,९१८.६९) | | (६,२९,८९,९१८.६९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | | | | १९,५५,६६१.८१ | | १९,५५,६६१.८१ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (२५,७३२.००) | | (२५,७३२.००) | ४९,५०८.२१ | | ४९,५०८.२१ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ४१,७०,६४५.१७ | | ४१,७०,६४५.१७ | (६,१०,३४,२५६.८८) | | (६,१०,३४,२५६.८८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,५४,२२,८४८.६४ | | १,५४,२२,८४८.६४ | १०,६०,७५,३१३.८३ | | १०,६०,७५,३१३.८३ |
| छ) | विनिमय | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १,९५,९३,४९३.८१ | | १,९५,९३,४९३.८१ | ४,५०,४१,०५६.९५ | | ४,५०,४१,०५६.९५ |
| | | | | | | | | |
| लेखाप्रमूख | | कार्यकारी अधिकृत | | | | महालेखापरीक्षकको कार्यालय | | |
| पालिकाबाट प्रमाणिकरण मिति : | | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधाभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।